# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं, चैत्र २ गते, २०७१ साल ( संख्या ४२

## भाग ५

### नेपाल सरकार
### वाणिज्य तथा आपूर्ति मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २ को खण्ड (क) को उपखण्ड (१४) बमोजिम एल.पि.ग्याँस र उक्त ग्याँस भर्न नेपालमा उत्पादन हुने सिलिण्डर तथा विदेशबाट पैठारी हुने एल.पि.ग्याँसको खाली सिलिण्डरलाई समेत आवश्यक पदार्थ तथा वस्तुको रुपमा तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

५५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिम नेपालमा उत्पादित एल.पि.ग्याँसको नयाँ सिलिण्डर तथा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) को खण्ड (थ) बमोजिम विदेशबाट पैठारी हुने एल.पि.ग्याँसको खाली सिलिण्डर यो सूचना प्रकाशन भएको मितिले एक महिनासम्म नेपालभर बिक्री वितरण गर्न नपाउने गरी रोक लगाएकोले जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**ङइन्द्र प्रसाद उपाध्याय**
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाण्डौमा मुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।०६३

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।